**जिल्लामा उपस्थित रहनु भएका सांसद/सभासद, राजनैतिक दलका प्रतिनिधी, पालिका प्रमुख लगायतको उपस्थिति सहित मिति २०७७।०५।१५ मा भएको जिल्ला संकट व्यवस्थापन केन्द्रका निर्णयहरु :-**

## निर्णय नं. १

जिल्लामा हाल जारी निषेधाज्ञा, COVID-19 संक्रमणको अवस्था र रोकथाम एवं नियन्त्रणका सन्दर्भहरुमा हाल भइरहेका गतिविधिहरु सहित जिल्लाको समग्र अवस्थाका बारेमा सम्बन्धित निकायहरुबाट बैठकमा सहभागी सम्पूर्णलाई अवगत गराइयो ।

## निर्णय नं. २

जिल्ला सुरक्षा समितिको मिति २०७७।०५।०२ को निर्णयानुसार हाल मिति २०७७।०५।१५ राति ११:०० बजे सम्मका लागि जारी रहेको निषेधाज्ञा सम्बन्धमा तपशिल बमोजिम निर्णय गरियो ।

### तपशिल

(क) हाल सप्तरी जिल्ला भरी लागू रहेको निषेधाज्ञालाई राजविराज न.पा., हनुमाननगर कंकालिनी न.पा. र तिलाठी कोइलाडी गा.पा. को सम्पूर्ण क्षेत्रमा मात्र लागू हुने गरी मिति २०७७।०५।२२ गते राती १२:०० बजे सम्मका लागि निरन्तरता दिन आवश्यक निर्णय हुन जिल्ला सुरक्षा समितिलाई सिफारिस गर्ने।

(ख) बुँदा नं. 'क' मा उल्लेखित क्षेत्रमा अत्यावश्यक सेवा अन्तर्गतका खाद्यान्न, तरकारी र फलफुलका पसलहरु समेत विहान ५:०० बजेबाट विहान १०:०० बजे सम्म मात्र खोल्न/संचालन गर्न अनुमति दिने भनी जिल्ला सुरक्षा समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ग) बुँदा नं. 'क' मा उल्लेखित बाहेकका क्षेत्रहरुमा संक्रमणको अवस्था तर्फ नियमित रुपमा ध्यान पुऱ्याउँदै आगामी दिनमा आवश्यक्तानुसार निर्णय गर्ने ।

(घ) बुँदा नं. 'क' मा उल्लेख भए बाहेक खुला गरिएको क्षेत्रमा समेत नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०४।२६ को निर्णयहरु कार्यान्वयन गर्नु गराउनुका साथै आवश्यक्तानुसार स्थानिय सुरक्षाकर्मीहरुको सहयोग लिई सम्बन्धित पालिकाहरुले देहाय बमोजिमको व्यवस्था मिलाउने ।

### देहाय

(i) अत्यावश्यक सेवा अन्तर्गत पर्ने वा सो प्रयोजनका सवारी साधनहरु मात्र संचालन गर्ने ।

(ii) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयद्वारा हाल संचालन गर्न रोकिए बाहेकका पसल, सेवा र व्यवसाय संचालन गर्दा तोकिए बमोजिमका स्वास्थ्य सतर्कता

निर्णय प्रमाणित
०७७/५/१५
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

सम्बन्धी प्रोटोकल र यस सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद् र जिल्ला संकट व्यवस्थापन केन्द्रद्वारा विभिन्न समयमा दिइएका निर्देशनहरुको पालना हुने गरी मात्र संचालन गर्ने/गराउने ।

(iii) साप्ताहिक हाट, बजार संचालन हुन/गर्न नदिने ।

### निर्णय नं. ३

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ को मिति २०७७।०५।०२ च.नं. १५८ द्वारा यस जिल्ला संकट व्यवस्थापन केन्द्रलाई प्राप्त रकम रु.७५,००,०००।- (रु.पचहतर लाख) मध्ये पत्रमा उल्लेखित प्रयोजनका लागि मात्र खर्च गर्ने गरी रु.५०,००,०००।– (रु. पचास लाख) गजेन्द्र नारायण सिंह अस्पताल राजविराज र रु.२०,००,०००।– (रु.बीस लाख) स्वास्थ्य कार्यालय सप्तरीलाई उपलब्ध गराउने र बाँकी रु. ५,००,०००।– (पाँच लाख) हाललाई रिजर्व राख्ने निर्णय गरियो ।

### निर्णय नं. ४

यस समितिको विभिन्न मितिको बैठकबाट गजेन्द्र नारायण सिंह अस्पताललाई भेन्टीलेटर सहितको ICU संचालनका लागि आवश्यक व्यवस्था गर्न अस्पतालले तत्काल सो सेवा संचालन गर्न नसक्ने भए उक्त अस्पतलाले स्थानिय रुपमा रहेका निजी क्षेत्रका अस्पतालसँग समन्वय गरी प्रदेश र केन्द्र सरकारसँग निर्णय तथा आवश्यक सहयोगका लागि समन्वय गर्ने आशयको विगतमा निर्णयहरु भएकै छ । हाल सोही सन्दर्भमा गजेन्द्र नारायण सिंह अस्पताल राजविराज सप्तरीबाट प्राप्त मिति २०७७।०५।१५ च.नं. १९५ को पत्र सम्बन्धमा छलफल भई यस जिल्लामा यथाशीघ्र COVID-19 उपचारका लागि डेडिकेटेड अस्पताल संचालनका लागि उपयुक्त निर्णय हुन सामजिक विकास मन्त्रालय, प्रदेश सरकार, प्रदेश नं. २ लाई अनुरोध गर्ने निर्णय गर्दै यस सम्बन्धमा गजेन्द्र नारायण सिंह अस्पतालद्वारा हालसम्म भए/गरेका गतिविधीहरु सम्बन्धी सम्पूर्ण कागजात सो अस्पतालले तत्काल उल्लेखित मन्त्रालयलाई पठाउन उक्त अस्पताललाई निर्देशन दिने निर्णय गरियो ।

### निर्णय नं. ५

निर्णय नं. ४ को सन्दर्भमा सामाजिक विकास मन्त्रालय, प्रदेश सरकार, प्रदेश नं. २ बाट भई आउने निर्णयका अतिरिक्त दिगो समाधानका लागि गजेन्द्र नारायण सिंह अस्पताल मै समेत भेन्टीलेटर सहितको ICU संचालन हुन अपरिहार्य देखिएकोले गजेन्द्र नारायण सिंह अस्पतालले आफ्नै अस्पताल भित्र भेन्टीलेटर सहितको ICU संचालनमा ल्याउन प्रचलित ऐन, नियम, कानुनको अधीनमा रही आवश्यक व्यवस्थाको लागि सो अस्पतालले तत्कालबाट कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
०७७।५।१५
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

### निर्णय नं. ६

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७।०५।०८ च.नं. ५४८ को पत्रसाथ प्राप्त कोरोना संक्रमण, रोकथाम नियन्त्रण उपचार कोष संचालक समितिको मिति २०७७।०५।०२ गते बसेको दशौं बैठकका निर्णयहरु यस बैठक मार्फत सहभागी सबैलाई जानकारी गराइयो ।

### निर्णय नं. ७

सप्तरी उद्योग वाणिज्य संघका तर्फबाट देशमा बन्दाबन्दी समाप्त भएपनि यस जिल्लामा श्रावण ८ गते देखि राजविराज न.पा. क्षेत्रभित्र र श्रावण २० गतेबाट जिल्ला भरी नै निषेधाज्ञा लागू गरिएकोले जिल्लाको उद्योगी, व्यापारीलाई व्यापक आर्थिक पीर/मार्का पर्न गएकोले विगतमा बन्दाबन्दीको अवस्थामा नेपाल सरकारद्वारा दिइएको छुट/राहत बमोजिम नै हुनेगरी छुट/राहतको व्यवस्था हुन अनुरोध भई आएकोले सो सम्बन्धमा आवश्यक निर्णयका लागि श्री गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

०७७।५।१५

प्रशासकीय अधिकृत